# बटेश्वर गाउँपालिका

## Bateshwor Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय, बटेश्वर, धनुषा

**Office Of The Rural Municipal Executive Bateshwor, Dhanusha**

**मधेश प्रदेश , नेपाल, Madhesh Province , Nepal**

मिति : २०८०/०९/०५

प.स. : २०८०/०८१
च.न. : ४६८
श्री सबै सम्बन्धित विद्यालयहरु ,
बटेश्वर गाउँपालिका,धनुषा ।

**विषय : विद्यालय सञ्चालन /थप कक्षा अनुमति सम्बन्धमा ।**

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८१ का लागि विद्यालय सञ्चालन तथा थप कक्षा अनुमति लिन इच्छुक सामुदायिक तथा संस्थागत विद्यालयहरुले शिक्षा नियमावली २०५९ को नियम ४ बमोजिमको पूर्वाधार पुरा गरी नियम ३ को ढाँचामा देहायको कागजात सहित नियमानुसारको निवेदन पौष मसान्तभित्र यस कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

तपशिल

१. शिक्षा नियमावलीको अनुसूची १ बमोजिमको ढाँचामा निवेदन ।
२. यस कार्यालयको राजस्व खतामा दस्तुर बुझाएको बैंक भौचर ।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
४. नजिकको समान तहको ३ वटा सामुदायिक विद्यालयको सिफारिस ।
५. विद्यालय व्यवस्थापन समितिको निर्णय ।
६. तल्लो कक्षाको अनुमति पत्रको प्रतिलिपि ।
७. कम्तिमा ३ बर्षसम्म निजीश्रोतमा सञ्चालन गर्ने भनी वि.व्य.स.को प्रतिबद्धता पत्र (सामुदायिकको हकमा )
८. शैक्षिक नक्सा ।
९. शिक्षक नियुक्ति तथा शैक्षिक योग्यताको प्रतिलिपी (नियमावली अनुसार )
१०. जग्गाधनी प्रमाण पूर्जा (सामुदायिकको हकमा )
११. कम्पनीको प्रमाण-पत्र ,प्रबन्ध पत्र ,विनियमावलीको प्रतिलिपी (संस्थागतको हकमा )
१२. कक्षा १ सञ्चालन गर्नको लागि शैक्षिक गुठिमा दर्ता भएको विधानको प्रतिलिपी (संस्थागतको हकमा )
१३. विद्यालयको प्रस्तावना पत्र ,पञ्चवर्षीय कार्ययोजना ,विद्यालय सुधार योजना ।
१४. पाठ्यपुस्तक तथा शुल्क विवरण ,कर चुक्ता प्रमाण पत्र (संस्थागतको हकमा ) ।
१५. घर भाडामा भए जग्गाधनीको प्रमाण पूर्जा र सम्झौताको प्रतिलिपी (संस्थागतको हकमा ) ।

<u>बोधार्थ</u>
श्री सूचना प्रविधि शाखा वेवसाइटमा अपलोड गर्नु हुन ।

राजगिर महतो
प्रमुख प्रशासकीय अधिकृत

राजगिर महतो
प्रमुख प्रशासकीय अधिकृत

Website : bateshwormun.gov.np/Email : bateshwormun@gmail.com/phone : 9854080716,9854023051